# कुष्ठरोग कार्यक्रम संचालन निर्देशिका

२०७३


नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग

## कुष्ठरोग नियन्त्रण महाशाखा

टेकु, काठमाडौं
फोन ४२६२ ००९ फ्याक्स ४२४८ ५३५
E-mail: leprosycontrol@gmail.com, lcd@mohp.gov.np
Website: www.lcd.gov.np

# कुष्ठरोग कार्यक्रम संचालन निर्देशिका
# क्षेत्रीय स्तर-२०७३

कुष्ठरोग निवारणको स्थितीलाई दिगो राख्दै सेवालाई गुणस्तरीय एवं सर्व सुलभ तथा सबैको पहुंच योग्य बनाई यसको समस्यालाई थप न्यूनीकरण गर्नको लागि क्षेत्रीय स्तरबाट संचालन गरिने कार्यक्रम संचालन निर्देशिका निम्नानुसार रहेको छ ।

## १) विश्व कुष्ठरोग दिवस मनाउने

**उदेश्य:**

- समुदायमा कुष्ठरोग बारे चेतना बृद्धि गर्ने ।
- स्थानीय राजनीतिकर्मी तथा सरोकारवालाहरुबाट कुष्ठरोग रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि प्रतिवद्धता बढाउने ।

**बिधि :**

- क्षेत्र स्थित कुष्ठरोगसँग सम्वन्धित संघसंस्था, सरकारी निकायहरु सँग तयारी बैठक गरी कार्ययोजना बनाई कुष्ठरोग दिवस मनाउने ।
- दिवस मनाउन र प्रचारप्रसारको लागि उपलब्ध श्रोत अनुसारका सञ्चार सामाग्रीहरु तयार पार्ने ।
- र्‍याली, पत्रकार अन्तरक्रिया, कुष्ठरोग सम्वन्धि सांस्कृतिक कार्यक्रम, चित्रकला प्रर्दशनी, वादविवाद, हाजिरीजवाफ आदि ।

**अपेक्षित प्रतिफल:**

- कुष्ठरोग सम्वन्धी जनचेतना अभिबृद्धि हुने
- शुरु कै अवस्थामा रोग निदानमा टेवा पुग्ने

**बजेट बाँडफाँड** : उपलव्ध वजेट अनुसार प्रचलित आर्थिक ऐन नियमको अधिनमा रही खर्च गर्ने ।

## २) अपाङ्गगता बचावट (POID) सेवा सुदृढिकरण

**उद्देश्यः**

- कुष्ठरोगका बिरामीहरुलाई रोगका कारण हुन सक्ने अपाङ्गगताबाट बचावट गर्न पायक पर्ने स्थानमा अपांगता बचावट सेवा संचालन तथा सुदृढीकरण गर्ने ।

**बिधि :**

- बढी भन्दा बढी कुष्ठरोग प्रभावितहरुलाई सेवा दिने गरी अपाङ्गगता बचावट (POID) सेवा केन्द्रको छनौट गर्ने ।
- छनौट भएका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी तथा स्वयं हेरचाह समुहलाई अभिमुखिकरण गर्ने ।
- अपाङ्गगता बचावट सेवा संचालनका लागी आबश्यक सामग्री( बाटा,बाल्टीन, फुट स्टेण्ड आदि) उपलब्ध गराउने ।
- हाल संचालनमा आई रहेका अपाङ्गगता बचावट सेवा केन्द्रहरुलाई अभिमुखिकरण तथा पुर्नर्ताजगी गर्ने ।
- हाल संचालनमा आएका तथा नयाँ स्थापना भएका अपाङ्गगता बचावट सेवा केन्द्रहरुलाई नियमित अनुगमन गर्ने।

**अपेक्षित प्रतिफलः**

- कुष्ठ प्रभावितहरुले स्थानीय स्तरमा समय मै उपचार सेवा पाई थप अपांगता हुनबाट बच्नेछन् ।
- कुष्ठरोगको कारण हुने असमर्थताको समस्या क्रमिक रुपले न्यून हुंदै जाने ।

**बजेट बाँडफाँड**

- अभिमुखिकरण ....................४०,०००।– (अनुसुची १ अनुसार)
- सहयोगी सामाग्री खरिद..........२०,०००।– (आर्थिक ऐन नियमानुसार)
- अनुगमन.............................४०,०००।– (भ्रमण खर्च नियमावली अनुसार)

**जम्मा १,०००००।–**

## ३) महिला स्वास्थ्य स्वयं सेविका तथा स्वास्थ्यकर्मीहरुलाई अपाङ्गता पहिचान तथा परामर्श र रिफरल सम्बन्धी तालिम

**उद्देश्यः**

- अपाङ्गता बाट बचावट गर्न शरीरका एक वा धेरै प्रणालीलाई असर पर्ने गरी चोटपटक लागेकालाई आपतकालिन उपचार व्यवस्थापनको लागि प्रेषण प्रणाली सुदृढ गर्ने ।
- अपाङ्गता बाट बचावट गर्न शरीरका एक वा धेरै प्रणालीलाई असर पर्ने गरी चोटपटक बाट भएको अपाङ्गता पहिचान गरि समय मै प्रेषण गर्न महिला स्वास्थ्य स्वयम सेविका तथा स्वास्थ्यकर्मीहरुलाई सक्षम बनाउने ।

**विधिः**

- अपाङ्गता पहिचान तथा परामर्श सम्बन्धी तालिम संचालन गर्न जिल्ला छनौट गर्ने ।
- अपाङ्गता पहिचान तथा परामर्श सम्बन्धी तालिम प्रदान गर्न क्षेत्रीय स्तरमा प्रशिक्षक प्रशिक्षण तालिम संचालन गर्ने ।
- जिल्ला तहमा जिल्ला क्षय कुष्ठ अधिकृत सुपरभाइजरले कार्यक्रम संचालन गर्नुपर्ने स्वास्थ्य संस्था छनौट गर्ने।
- प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गरेका क्षय कुष्ठ अधिकृत/सुपरभाइजर वा स्वास्थ्यकर्मीले स्वास्थ्य संस्थाका प्रमुखहरुलाइ अभिमुखीकरण तालिम संचालन गर्ने ।
- छनौट भएका स्वास्थ्य संस्थाका दक्ष तालिम प्राप्त स्वास्थ्यकर्मीहरुले म.स्वा.स्वयं.से. हरुका लागी सम्बन्धित स्वास्थ्य संस्थामा अपाङ्गता सम्बन्धी ३ दिने अभिमुखीकरण तालिम संचालन गर्ने ।

**अपेक्षित प्रतिफलः**

- अपांगता भएका विरामीहरु पहिचान गरी समय मै स्वास्थ्य संस्थामा प्रेषण गर्नेछ ।
- समय मै उपचार व्यवस्थापन हुने भएकोले प्रभावितहरु उपचार सेवा पाई थप अपांगता हुनबाट बच्नेछन् तथा विद्यमान असमर्थता समस्या क्रमिक रुपले सुधार हुंदै जानेछ ।

**बजेट बाँडफाडः** अनुसुची १ अनुसार

## ४) चौमासिक कार्य प्रगति समिक्षाः क्षेत्रीय स्तर

**उद्देश्यः**

- राष्ट्रिय कुष्ठरोग कार्यक्रम तर्फ संचालित बिभिन्न सूचकहरुका वारेमा भए गरेका कार्य प्रगतिको समिक्षा तथा आवधिक अनुगमन र सो को आधारमा समय मै समस्या तथा कमी कमजोरीहरुलाई निराकरण गर्ने ।
- गुण स्तरिय उपचार सेवा तथा लक्ष्य अनुसारको प्रगति हांसिल गर्नमा सघाउ पुर्‍याउने ।

**विधिः**

- समिक्षा प्रत्येक चार चार महिनामा क्षेत्रीय निर्देशकको अध्यक्षतामा संचालन गर्ने ।
- समिक्षामा क्षेत्रको रोग नियन्त्रण सम्वन्धी तोकिएको अधिकृत, शाखा प्रमुख, क्षेत्रीय तथ्यांक अधिकृत, क्षेत्र अन्तर्गतका क्षय । कुष्ठ अधिकृत, सहायक नभएका जिल्लामा कुष्ठरोग कार्यक्रम हेर्ने जिल्ला फोकल पर्सन, क्षेत्रीय मेडिकल स्टोर प्रमुख, सहयोगी संस्थाका प्रतिनिधीहरु सहभागी हुनेछन । यसको संचालन एवं समन्वयकर्ताको रुपमा क्षेत्रीय क्षय कुष्ठ अधिकृतले गर्ने ।
- कार्यक्रम संचालन गर्दा राष्ट्रिय क्षयरोग कार्यक्रमको समन्वयमा एकिकृत रुपमा १ दिन कुष्ठरोग सम्वन्धी समिक्षा संचालन गर्ने ।
- क्षेत्रीय स्वास्थ्य निर्देशनालय र कुष्ठरोग महाशाखाको समन्वयमा उक्त समिक्षामा कुष्ठरोग महाशाखाबाट निर्देशक र कार्यक्रम अधिकृत सहभागी हुने ब्यबस्था मिलाउने ।
- क्षेत्रको कुष्ठरोगमा कार्यरत सहयोगी संस्थाको प्रस्तुती तथा संलग्नता अनिवार्य गराउने ।

**अपेक्षित प्रतिफलः**

- कुष्ठरोग कार्यक्रम अन्तर्गत संचालित बिभिन्न सूचकहरुका वारेमा लक्ष्य तथा कार्य प्रगतिको समिक्षा हुने तथा
- कार्यक्रम संचालनमा अझै प्रभावकारिता आउने ।
- देखिएका समस्याहरुको समाधान गर्न पहल हुने ।

**बजेट बाँडफाँड :** अनुसुची १ अनुसार

## ५) कार्यक्रम सुपरिवेक्षण, अनुगमन तथा रेखदेखः-

**उद्देश्यः**

- कुष्ठरोग तर्फ बिभिन्न जिल्लाहरुमा कार्यक्रम संचालनको अनुगमन, बिरामी उपचार सेवाको रेखदेख गर्ने ।

**विधिः**

- सुपरिवेक्षण, रेखदेख तथा अनुगमन कार्यको जिल्ला तथा स्वास्थ्य संस्थाको प्राथमिकता निर्धारण गरी सो बमोजिमको वार्षिक कार्य तालिका तयार गर्ने ।

- सर्भिलेन्सको कार्यक्रममा कुष्ठरोगको समस्या भएको स्वास्थ्य संस्था, जिल्ला स्वास्थ्य कार्यलय र बिरामी तथा कुष्ठ प्रभावितहरुको घरदैलो सम्म पुगी रोग निदान, उपचारको ब्यबस्थापन, बिरामीको पुनः परिक्षण, स्वास्थ्यकर्मीहरुमा परेको प्राबिधिक समस्याहरुको निराकरण, यातायात खर्च बितरण, स्वयं हेरचाह कार्यक्रम, आय आर्जन कार्यक्रम, पुनर्स्थापना, POID सेवाको अनुगमन, अभिलेख प्रतिबेदन अद्यावधिक, समन्वयात्मक कार्य, अनुगमन आदि कार्य गर्ने । (अनुसूची अनुसार चेक लिस्ट प्रयोग गर्ने)

**अपेक्षित प्रतिफलः**

- समय मै कार्यक्रम सम्पादन, उपलब्धी र समस्याको समाधान तथा निराकरणका लागि क्षेत्रिय स्तरबाट सुपरिवेक्षण रेखदेख तथा अनुगमन नियमित रुपमा भई लक्ष्य अनुसारको प्रगती हुनेछ ।
- कार्यक्रम तथा बिरामीको सेवामा थप प्रभावकारीतामा सहयोग मिल्नेछ ।

**बजेट बाँडफाँड :** भ्रमण खर्च नियमावली अनुसार

**६) कुष्ठरोगको जटिलता तथा अशक्त अवस्थाका बिरामीहरु प्रेषण केन्द्रहरुमा उपचारका लागि आउंदा जांदाको यातायात खर्च प्रति बिरामी रु १०००। (रु.एक हजार)**

**उद्देश्यः**

- कुष्ठरोगको कारणबाट उपचारको समयमा तथा उपचार पछी हुन सक्ने जटिलता (Complication) हरुको ब्यबस्थापनका लागि प्रेषण केन्द्रहरुमा समय मै बिरामीहरु आउन सकुन् र थप अपाङ्गताबाट बचाउन ।
- उपचार सेवामा सवै विरामी तथा प्रभावितहरुको पहुंच पुग्ने ।

**विधिः**

- बिरामीले लामो समय (२-३ महिना) सम्म प्रेषण केन्द्र, अस्पतालमा उपचार गराउनु पर्ने अवस्थालाई मध्य नजर गरी अस्पताल, प्रेषण केन्द्रमा भर्ना भएको अवधिमा हुने उस्को आम्दानीको नोक्सानी र आउंदा जांदाको बाटो खर्चको अभाव हुने अवस्थालाई बिचार गरी प्रति बिरामी प्रति पटक कम्तीमा ७ दिन वा सो भन्दा बढी समय भर्ना भएमा यातायात खर्च वापत **रु १०००।** उपलब्ध गराउने ।
- प्रेषण केन्द्र तथा अस्पतालहरुमा भर्ना गरी उपचार गर्नुपर्ने जटिल अवस्थाका बिरामीहरुलाई मात्र भर्ना गर्नु पर्ने छ र उपचार पश्चात बिरामी भर्ना हुनु पर्ने कारण, भर्ना भएको अवधि, बिरामीको नाम, ठेगाना समेतको बिवरण प्रेषण केन्द्र, अस्पतालले सम्वन्धीत क्षेत्रीय स्वास्थ्य निर्देशनालयलाई उपलब्ध गराई रकम सोध भर्ना माग गर्नेछन् । साथै यस सम्वन्धी जानकारी क्षेत्रीय निर्देशनालयबाट आफनो क्षेत्र अन्तर्गतका कुष्ठरोग प्रेषण केन्द्र, अस्पताल तथा जिल्लालाई जानकारी गराउने र समन्वय गर्नु पर्दछ ।
- चौमासिक रुपमा क्षेत्रीय स्वास्थ्य निर्देशनालयहरुबाट स्वास्थ्य सेवा बिभाग, कुष्ठरोग नियन्त्रण महाशाखालाई जटिलता उपचार ब्यबस्थापन तथा यातायात खर्च बिवरणको प्रतिबेदन गर्नु पर्नेछ ।

**अपेक्षित प्रतिफलः**

- जटिलता भएका विरामीहरु प्रेषण केन्द्रमा समय मै आउने भएकोले थप अपाङ्गता हुनबाट बच्न सक्ने । विषेश गरी आर्थिक अवस्था कमजोर भएका विरामीहरु बढी लाभान्वित हुनेछन् ।

**बजेट बाँडफाँड :** उपचारका लागि आउंदा जांदाको यातायात खर्च प्रति बिरामी रु १०००। (रु.एक हजार)

## ७) कुष्ठरोगको कारणले असमर्थ भएका प्रभावितहरुको सहजीकरणका लागी सहयोगी सामग्री खरिद तथा बितरणः

**उद्देश्यः**

- कुष्ठ प्रभावितहरुको दैनिक क्रियाकलापमा सहजीकरण पुर्याउने ।
- थप अपांगता हुनवाट बचाउने ।

**विधिः**

- कुष्ठरोगको कारणले असमर्थता, अपांगता भएकाहरुको रजिष्टर खडा गरी उनीहरुको शारीरिक अपांगताको स्थिति सहितको क्षेत्र अर्न्तगतका जिल्लाहरुलाई सूचि तयार गर्न लगाउने ।

- सूचि अनुसार जिल्लाको आवश्यकता मांग गरी सहयोगी सामाग्री खरिदको लागि आफ्नो क्षेत्रमा कुष्ठरोग नियन्त्रणका क्षेत्रमा कार्यरत सहयोगी संस्थाहरु NLR, LMN, NLT, INF लगायत अन्य गैह्र नाफामूलक संस्थाको सहयोगमा तथा समन्वयमा आबश्यक सहयोगी सामाग्रीको परिमाण तथा लागत अनुमान तयार गरी प्रक्रिया अघि बढाउने ।

**बजेट खर्चः**

- कुष्ठरोग प्रेषण केन्द्रबाट सहयोगी सामाग्री बितरण गर्ने व्यबस्था मिलाउने ।

- खरिद ऐन २०६३ ( संशोधन सहित ) बमोजिम खरिद गर्ने ।

- यस कार्यक्रममा भएको बजेट विनियोजित रकम अनुसार आर्थिक नियम तथा खरिद ऐन बमोजिम सहयोगी सामाग्री निम्नानुसारको specification बमोजिम खरिद गर्ने ।

**सहयोगी सामाग्रीहरुः (सामग्रीको नाम तथा Specification)**

**१) Crutches No.42, 46 & 48**

- Made in high quality non Ferrous metal or local wood material

- Height adjustable

- Heavy duty anti slip rubber shoes with thick padded support

**२) Sun Glasses:-**

- Frame made by Medical grade plastic with UV protection covered side for full protection from sun Light.

**३) Canvas Shoes No. 5, 6, 7, 8 & 9**

- Made by high quality Canvas
- Soft Padded
- Anti Slip, soft rubber sole
- Light weight
- Washable
- MCR shoes as per need.

सहयोगी सामग्रीहरुको बितरण बिरामीको अवस्था र आबश्यक्ता अनुसार दक्ष जनशक्तिको परीक्षण द्वारा बिरामी वा प्रभावितहरुलाई जिल्ला ल्किनीक तथा प्रेषण केन्द्रहरुबाट बितरण गर्नु पर्नेछ। स्थानिय स्तर बाट स्पष्ट रुपमा नाप लिने र वितरणको सुनिश्चितता क्षेत्र तथा जिल्लाका क्षय कुष्ठ अधिकृतबाट हुनेछ।

**अपेक्षित प्रतिफलः**

- कुष्ठरोगका विरामीहरु तथा प्रभावितहरुको दैनिक क्रियाकलाप सहज हुने।
- थप अपांगता हुनवाट बचाउने।

## ८) कुष्ठ प्रभावितहरुलाई प्रेषण केन्द्रमा अन्य विषेश उपचार सेवाको लागि प्रेषण केन्द्रहरुलाई सहयोग :

### परिचय :

नेपाल सरकारले प्रत्येक गा.वि.स.तथा जिल्ला स्तरमा संचालित स्वास्थ्य संस्थाहरु मार्फत प्रतिकारात्मक, प्रवर्धनात्मक,उपचारात्मक तथा पुनर्स्थापना स्वास्थ्य सेवा अन्तर्गत कुष्ठरोग सेवा निःशुल्क प्रदान गर्दै आएता पनि उपचारात्मक सेवा तर्फ कुष्ठरोगका विरामी तथा प्रभावितहरुले आर्थिक अभावका कारणले गर्दा विभिन्न अस्पतालमा कुष्ठरोगको अलावा अन्य रोगको जांच पड्ताल तथा उपचारमा शुल्क लाग्ने भएकोले अन्य रोगको निःशुल्क उपचार सेवाको उपभोग गर्न कठिनाइ भएको यथार्थतालाई महसुस गरी कुष्ठरोगको उपचार बाहेक अन्य रोगको पनि कुष्ठ प्रभावित तथा असहायहरुलाई निःशुल्क सेवा उपलब्ध गराउने ।

लक्षित वर्गलाई अन्तरंग, बहिरंग र आकस्मिक सेवा र अत्यावश्यक औषधी निःशुल्क उपलब्ध गराउने लक्ष्य अनुरुप कुष्ठ प्रभावितहरुलाई Investigation लगायत अन्य रोगका सम्बन्धमा उपचारका लागि आकस्मिक वहिरंग तथा अन्तरंग सेवा निः शुल्क रुपमा प्रदान गर्ने ।

### उद्देश्य

- कुष्ठ प्रभावितहरुको आधारभुत स्वास्थ्य सेवाको अधिकार सुनिश्चित गर्ने ।
- उनीहरुलाई अत्यावश्यक स्वास्थ्य सेवा गुण स्तरीय एवं प्रभावकारी रुपमा उपलब्ध गर्ने ।
- उनीहरुको स्वस्थ जीवनयापनको लागि स्वास्थ्य सेवामा राज्यको दायित्व वोध सुनिश्चित गर्ने ।

### विधिः

- कुष्ठ प्रभावितहरुलाई कुष्ठरोग वाहेक अन्य रोगहरु जस्तै उच्च रक्तचाप, मधुमेह,चोटपटक आदि भएको अवस्थामा उपचार गर्न प्रेषण केन्द्रमा आएको खण्डमा उनीहरुको आर्थिक अवस्था अध्ययन गरी सो को अभिलेख सहित उपचार व्यस्थापन मिलाउने ।

- यसरी  उपचार भएका विरामीहरुको अभिलेख खडा गरी सो को आधारमा प्रत्येक चार चार महिनामा क्षेत्रीय निर्देशनालय र कुष्ठरोग नियन्त्रण महाशाखालाई संलग्न फरमेट अनुसार प्रतिवेदन गर्ने ।
- कुष्ठरोग प्रेषण केन्द्रले कुष्ठरोग बिरामीको निदान तथा उपचारका क्रममा अन्य बिशेषज्ञ सेवा आबश्यक भई भुक्तानी दिनु पर्ने अबस्था देखिएमा खर्च भएको रकम (**investigation गर्दा लागेको खर्च र उपचारको बिल भौचर** ) क्षेत्रीय स्वास्थ्य निर्देशनालय मार्फत सोध भर्ना लिने ब्यबस्था मिलाउने ।
- खर्च भएको रकम कुष्ठरोग प्रेषण केन्दलाई भुक्तानी दिने ब्यबस्था मिलाउने ।

**लक्षित वर्गः**

- कुष्ठरोगको विरामी
- कुष्ठ प्रभावित

**निः शुल्क गरिने विषयगत क्षेत्रहरु :–**

**Investigations:**

- Diabetes
- Hypertension
- Fracture /accident
- Kidney / Heart/ COPD
- Arthritis
- Eye, ENT and Other Emergency Condition.

**अपेक्षित प्रतिफल :**

- गरिव तथा असहाय कुष्ठ प्रभावितहरुले कुष्ठरोगको निःशुल्क उपचार वाहेकको अन्य रोगको पनि निःशुल्क उपचार गराई लाभान्वित हुनेछन् ।

## बजेट खर्च विवरण

१. माथि उल्लेखित लक्षित बर्गहरुले कुष्ठरोग बाहेकको उपचारको लागि आकस्मिक, बहिरंग तथा अन्तरंग सेवाको लागि एकपटकमा बढीमा रु.२०००।-(दुई हजार) प्रति व्यक्ति सहयोग सेवा उपलब्ध हुने, शल्यक्रिया गर्नु परेमा रु.७०००। (सात हजार) सम्म गराउन सकिनेछ ।

२. बुदाँ नं १ मा उल्लेख भए बमोजिमको सेवा सहयोग बाहेक अन्य सम्पूर्ण उपचार सेवाको आर्थिक भार सम्वन्धित अस्पताल/प्रेषण केन्द्रको नियमानुसार हुनेछ ।

३. यसरी गरिने खर्च सेवा बापत भएको खर्चको विवरण सहितको प्रतिवेदन संलग्न अनुसुची अनुसार प्रत्येक महिनाको प्रगती प्रतिवेदन महिना सकिएको ३ दिन भित्र क्षेत्रीय स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ ।

४. माथि उल्लेखित खर्च आर्थिक नियम र वजेटको परिधि भित्र रही खर्च गर्नुपर्नेछ ।

## उपचार खर्च विवरण फाराम:

| सिनं | विरामीको नाम र थर | उमेर | लिङ्ग | ठेगाना | | | | | सेवा | | | | रोग निदान | उपलब्ध सेवाको जम्मा तोकिय अनुसारको खर्च | संस्था बाट सहयोग खर्च | जम्मा खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जिल्ला | गाबिस /न.पा | वडा नं | टोल | फोन नं | आकस्मिक | अन्तरंग | बहिरंग | शल्यक्रिया | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

## ९) Chemoprophylaxis औषधि खरिद :

**उद्देश्य :**

- कुष्ठरोग बढी प्रभावित जिल्लामा कुष्ठरोग बिरामीको परिवार तथा छिमेकीहरुलाई कुष्ठरोग बिरुद्धको औषधि Rifampicin अथवा Leprosy post Exposure Prophylaxis (LPEP) बिधिबाट कुष्ठरोग संक्रमणलाई न्यूनीकरण गर्नको लागि औषधि खरिद गर्ने ।

**विधि :**

- क्षेत्र अर्न्तगतका जिल्लामा Rifampicin खुवाउनु पर्ने व्यक्तिहरुको तथ्याङ्क जिल्ला जन स्वास्थ्य/स्वास्थ्य कार्यालयलाई एकिन गर्न लगाई आबश्यक कुल संख्या निर्धारण गर्ने ।
- निर्धारण गरिएको संख्याको आधारमा वच्चा र वयस्कको संख्या अनुसार Rifampicin को मात्रा निर्धारण गरी खरिद योजना तयार गर्ने ।
- जिल्लामा Single Dose Rifampicin खुवाउनु भन्दा १ महिना अगावै औषधि खरिद भई आपूर्ति हुन सक्ने गरी खरिदको लागि खरिद ऐन २०६३ (संसोधन सहित) बमोजिम खरिद गर्ने ।

**अपेक्षित प्रतिफल :**

- समय मै औषधिको व्यवस्थापन भई कुष्ठरोग बढी प्रभावित जिल्लाका कुष्ठ प्रभावित परिवार तथा छिमेकीहरुले कुष्ठरोग बिरुद्धको औषधि Rifampicin अथवा Leprosy Post Exposure Prophylaxis (LPEP) बिधिबाट निःशुल्क औषधि सेवन गर्ने भएकोले कुष्ठरोगको संक्रमणबाट वच्नेछन्

**खर्च बाँडफाँड** : बिनियोजित बजेटको परिधिमा रही ।

## १०) कुष्ठरोगको जटिलता व्यवस्थापनको लागि औषधि खरिद :

**उद्देश्य :**

- कुष्ठरोगको कारण देखा पर्ने जटिलताहरु (रियाक्सन, न्यूराईटिस, अल्सर आदि) समय मै स्थानीय स्तरमा निःशुल्क उपचार सेवा उपलव्ध गराई अशक्तता र अपांगताको न्यूनीकरण गर्ने ।

**विधि :**

- क्षेत्र अन्तर्गतका जिल्ला तथा प्रेषण केन्द्र र अस्पतालहरुमा कुष्ठरोगको कारणले जटिलता भई उपचारमा आउने अनुमानित विरामी संख्या उपलव्ध गराई औषधि खरिद योजना तयार गर्ने ।
- क्षेत्र अन्तर्गतका प्रेषण केन्द्रहरुमा जटिलताको उपचार गर्नुपर्ने र उपचार गरिएका विरामीहरुको अभिलेख राख्न लगाउने ।
- उपचार गरिएको प्रत्येक जटिलताको प्रकार, उपचार व्यवस्थापन तथा माथिल्लो निकायमा प्रेषण गरिएको विवरण राख्न लगाउने ।
- जटिलताको उपचार्थ आवश्यक पर्ने प्रेडनीसोलन ५ मिली ग्राम, पारासिटामोल ५०० मिलि ग्राम, गज, ब्याण्डेज आदि आवश्यकतानुसार खरिद ऐन २०६३ (संसोधन सहित) बमोजिम खरिद गर्ने ।

**अपेक्षित प्रतिफल :**

- कुष्ठ प्रभावितहरुले स्थानीय स्तरमा समय मै उपचार पाई थप अपांगता हुनबाट बच्नेछन् ।

**बजेट बाँडफाँड** : बिनियोजित बजेटको परिधिमा रही खरिद ऐन २०६३ बमोजिम ।

## ११) सुधारात्मक शल्यक्रिया (Reconstructive surgery) शिवीर :

**उद्देश्य :**

- कुष्ठरोको कारणले भएका शारीरिक अपांगतालाई सम्भव भए सम्म सुधारका लागि निःशुल्क शल्यक्रिया गरी कुष्ठ प्रभावितहरुको दैनिक जीवन सहज गर्ने ।

**विधि :**

- कार्यक्रम परेको क्षेत्र अन्तर्गतका जिल्लाहरुले स्वास्थ्यकर्मी परिचालन गरी शारीरिक अपांगता भएका विरामीहरुको अभिलेख संकलन कार्य सम्पन्न गरी शल्यक्रिया गर्नु पर्ने बिरामीहरुको नामावली क्षेत्रीय स्वास्थ्य निर्देशनालयलाई पठाउने ब्यबस्था मिलाउने ।
- सुधारात्मक शल्यक्रिया गर्ने स्थान समय को बारेमा जिल्ला जन स्वास्थ्य, स्वास्थ्य कार्यालयलाई अग्रीम जानकारी गराई शल्यक्रिया गर्नु पर्ने कुष्ठरोग बिरामी तथा कुष्ठ प्रभावितहरुलाई शिविर संचालन हुने स्थान सम्म ल्याउने ब्यबस्था मिलाउने ।
- सुधारात्मक शल्यक्रिया गर्न आवश्यक देखिएका विरामी संख्याको आधारमा सबै जिल्लामा कुष्ठरोगका बिरामी तथा कुष्ठ प्रभावितहरुलाई पायक पर्ने स्थानमा शिवीर राख्न आवश्यक व्यवस्था गर्ने ।
- शिवीर संचालनको लागि कुष्ठरोग नियन्त्रण महाशाखा, सुधारात्मक शल्यक्रिया गर्ने सहयोगी संस्था, क्षेत्रीय निर्देशनालय, जिल्ला (जन) स्वास्थ्य कार्यालयको सर्वपक्षीय समन्वय र सहकार्यमा गर्ने व्यवस्था मिलाउने ।

**शल्यक्रिया गर्नु पर्ने संख्या :** २५ देखि ३० जना

**अपेक्षित प्रतिफल :**

- कुष्ठ प्रभावितहरुले पायक पर्ने स्थानमा नै शल्यक्रिया गरी शारीरिक अवस्थामा सुधार आई दैनिक जीवन सहज हुनेछ ।

**बजेट बाँडफाँड** :

१. दैनिक भ्रमण भत्ता (विरामीहरुको छनौट, विरामीको अपांगता मूल्यांकन तथा तयारी ) .......रु. ७५,०००।– (भ्रमण खर्च नियमावली .... नियमानुसार)

२. औषधि, फिजियो सामग्री, प्लास्टर, बैशाखी, गज, बैण्डेज, एम.सि.आर., जुत्ता, आईप्याड, आदि सामाग्री खरिद रु. १२५,०००।– (खरिद ऐन २०६३ (संसोधन सहित) अनुसार

३. विरामीहरुको व्यवस्थापन खर्च (खाना, बास, यातायात, शल्यक्रिया अघि र पछि फलोअप ) .......रु.१५०,०००।– (आर्थिक नियमानुसार)

४. स्टाफहरुको दैनिक भ्रमण भत्ता......................................रु.५०,०००।- (भ्रमण खर्च नियमावली नियमानुसार)

५. शल्यक्रिया गर्ने सर्जनको पारिश्रमिक

रु. ३०००।– प्रति बिरामीका दरले..............................जम्मा ९०,०००।-

६. प्रचार प्रसार..........................................................रु.१०,००० ।-

## १२). Leprosy Post-Exposure Prophylaxis (LPEP) को योजना, समिक्षा तथा अनुगमन

कुष्ठरोगको बिरामीको संख्या घटेको भएता पनि नयाँ बिरामी पत्ता लाग्ने दर अहिले पनि उच्च नै रहेको छ । यस अबश्थामा कुष्ठरोग सर्ने क्रमलाई न्यून गर्न कुष्ठरोग नियन्त्रणको रणनितिमा प्रभावकारी थप कार्यक्रमको आबश्यक देखिन्छ । कुष्ठरोग बिरामीका परिवार, तिनका छरछिमेकीहरु तथा सामाजिक सम्पर्कमा रहेका ब्यक्तिहरु यस रोगको संक्रमणको उच्च जोखिममा रहेको मानिन्छ । कुष्ठरोग नियन्त्रण रणनिति अर्न्तगत दर्ता भएका कुष्ठरोगका बिरामीहरुको सम्पर्कमा रहि उच्च जोखिममा रहेका समुहहरुको सम्पर्क परिक्षण को साथै तिनीहरुलाई कुष्ठरोग रोकथाम गर्न सक्ने औषधि खुवाउने । कुष्ठरोगको जोखिमलाई न्यून गर्नको लागी कुष्ठरोग रोकथाम कार्यक्रम अर्न्तगत प्रयोग गरिने **Rifampicin** को एक मात्रा नै प्रभावकारी भएको र यसलाई बिरामीको परिवार तथा सम्पर्कमा रहेका समुदायमा कुष्ठरोग रोकथामको लागी कार्यान्वयन गर्न सकिन्छ ।

**उदेश्य :**

Leprosy Post-Exposure Prophylaxis (LPEP) कार्यक्रम संचालित जिल्लाका लक्षित समुहहरुमा कार्यक्रम संचालन भएको ३ बर्ष भित्रमा नयां कुष्ठरोग बिरामी पत्ता लाग्ने दर घटाउने ।

**बिशिष्ट उदेश्यहरु :**

- लक्षित जनसंख्याको रुपमा बिरामीको सम्पर्कमा रहेका ब्यक्तिहरुको कुष्ठरोगको रोकथाम गर्ने ।

- समाजमा रहेको रोग प्रतिको धारणामा सकारात्मक परिवर्तन ल्याई कुष्ठ प्रभावित तथा निजको परिबार प्रतिको सामाजिक भेदभाव न्यून गर्ने ।
- शुरु कै अबस्थामा बिरामी पत्ता लगाई कुष्ठरोगको कारणले हुने अपाङ्गताको दरलाई न्यून गर्ने ।

Leprosy Post-Exposure Prophylaxis (LPEP) कार्यक्रम संचालन हुने जिल्लाहरुको योजना, समिक्षा तथा

अनुगमनका लागी क्षेत्रीय स्तरमा यो कार्यक्रमको आयोजना गरिने छ ।

**बिधि :**

- क्षेत्रीय स्तरमा रहेको क्षेत्रीय कुष्ठरोग समन्वय समितिलाई अभिमुखिकरण तथा योजना तर्जुमा ।
- Leprosy Post-Exposure Prophylaxis (LPEP) कार्यक्रम संचालन हुने जिल्लाहरुको सुपरिबेक्षण तथा अनुगमन गर्ने ।
- LPEP सञ्चालन भएका जिल्लाका क्षय/कुष्ठ अधिकृतहरु तथा सम्वन्धित सरोकालवालाहरु संग चौमासिक/वार्षिक रुपमा समिक्षा बैठक गर्ने ।

**अपेक्षित प्रतिफल :**

- बिरामीको सम्पर्कमा रहेका ब्यक्तिहरुको कुष्ठरोगको रोकथाम गर्ने ।
- कुष्ठ प्रभावित तथा निजको परिवार प्रतिको सामाजिक भेदभाव न्यून गर्ने ।

**बजेट बाँडफांड:**अभिमुखिकरण अनुसुची १ अनुसार र सुपरिबेक्षण अनुगमन दैनिक भ्रमण खर्च नियमावली अनुसार ।

## १३) स्थानीय स्तरमा स्वास्थ्यकर्मीहरुलाई आधारभुत तालिम

**उदेश्य :**

स्थानीय स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई कुष्ठरोग सम्बन्धी निम्न उद्देश्य प्राप्त गर्न २ दिने तालिम संचालन गरिने छ ।

- कुष्ठरोग नियन्त्रण कार्यक्रमको नीति, रणनीति तथा कार्यक्रमको जानकारी प्रदान गर्ने ।
- सम्भावित कुष्ठरोगका बिरामी पहिचान गरी समयमा नै रोग निदान गर्न तथा उपचार गर्न दक्ष बनाउने ।
- कुष्ठरोग नियन्त्रण कार्यक्रमको प्रभावकारी सञ्चालन तथा अनुगमन/सुपरभिजन र रेकर्डिंग, रिपोर्टिंग गर्न सक्षम बनाउने ।

**सहभागी** :

- अस्पताल, प्रा.स्वा.के. र स्वास्थ्य चौकीहरुमा कार्यरत स्वास्थ्यकर्मी ।

**प्रशिक्षक** :

- क्षेत्रीय क्षय/कुष्ठ अधिकृत, सुपरिबेक्षक तथा कुष्ठरोग प्रेषण केन्द्रमा कार्य गर्ने बिज्ञ

**सहभागी संख्या** :

- १५ देखि २० सम्म ।

**स्थान :** छनौट गरिएका जिल्लास्तर

**बिषयबस्तु** :

कुष्ठरोगको बर्तमान अबस्था, कुष्ठरोग नियन्त्रण कार्यक्रमको नीति, रणनीति, गुणस्तरिय निदान तथा उपचार सेवा, कुष्ठरोगका चिन्ह लक्षण, निदान, बर्गिकरण, Clinical examination and disability assessment, Treatment of leprosy, Disability management, Self care, Counseling, Rehabilitation and reconstructive surgery अभिलेख प्रतिबेदन ।

**अपेक्षित प्रतिफलः**

- स्वास्थ्यकर्मीहरुको ज्ञान र शीपमा अभिबृद्धि हुने ।
- कुष्ठरोगका बिरामी पहिचान गरी समयमा नै रोग निदान तथा उपचार गर्न सक्षम हुने ।
- जटिलता भएका विरामीहरु पहिचान गरी समय मै प्रेषण गर्न सक्ने ।

**बजेट बाँडफांड :** तालिम खर्च अनुसुची १ अनुसार **र** दै.भ्र.भ. भ्रमण खर्च नियमावली अनुसार

## १४) निर्देशक, प्राबिधिक तथा समन्बय समितिको बैठक

कुष्ठरोग सम्बन्धी बैङ्कक घोषणापत्रको (२४ देखि २६ जुलाई २०१३) ले अनुमोदन गरेका उपलब्धि हांसिल गर्न मिति २०७०/२/१४ को मा.मन्त्री स्तरिय निर्णय अनुसार गठन भएका निर्देशक, प्राबिधिक तथा समन्बय समितिहरु अर्न्तगत कुष्ठरोग क्षेत्रीय समन्वय समितिको नियमिति बैठक गरी क्षेत्र अन्तरगत संचालित कुष्ठरोग नियन्त्रण कार्यक्रमको प्रभावकारी कार्यान्वियनमा उक्त समन्वय समितिले कार्य गर्ने छ ।

### क्षेत्रीय स्तर कुष्ठरोग समन्वय समिति

- अध्यक्षः निर्देशक, क्षेत्रीय स्वास्थ्य निर्देशनालय

**सदस्यहरु**

- प्रतिनिधि, क्षेत्रीय प्रशासन कार्यालय
- प्रा.अधिकृत क्षेत्रीय स्वास्थ्य निर्देशनालय
- प्रतिनिधि, SODVELON/Dermatologist
- प्रतिनिधि, क्षेत्रीय समितिले तोकेको अपाङ्गताको क्षेत्रमा कार्यरत संस्था
- चर्मरोग बिशेषज्ञ मेडिकल कलेज
- प्रतिनिधि, चर्मरोग बिशेषज्ञ क्षेत्रीय/अंचल अस्पताल
- प्रमुख, सम्बन्धित क्षेत्रका सहयोगी संस्था
- सदस्य सचिवः क्षेत्रीय क्षय/कुष्ठ अधिकृत

**आमन्त्रित सदस्यहरु**

- प्रतिनिधि, क्षेत्रीय शिक्षा निर्देशनालय
- प्रतिनिधि, महिला तथा बालबालिका कार्यालय
- प्रतिनिधि, घरेलु तथा साना उद्योग कार्यालय
- प्रमुख, सम्बन्धित जिल्ला जन स्वास्थ्य/स्वास्थ्य कार्यालय
- प्रतिनिधि, कुष्ठरोग प्रभाबित संजाल/समाज
- अपाङ्गता सम्बन्धी कार्यरत संघ /संस्था

**क्षेत्रीय स्तर कुष्ठरोग समन्वय समितिको काम र कर्तब्यहरु देहाय बमोजिम हुनेछन :**

- क्षेत्र अर्न्तगत कुष्ठरोग कार्यक्रमको संचालनमा समन्वय एवं सहकार्य गर्नेछन ।
- क्षेत्रीय स्तरमा आई परेका समस्या समाधानका लागी पहल गर्ने ।
- स्थानीय श्रोत साधनको अधिकतम परिचालन गर्ने ।
- कुष्ठरोगको प्रभावकारी तथा गुणस्तरीय सेवा प्रदान गर्न सम्बन्धित निकाय संग यथोचित ब्यबस्थापन गर्न पहल  गर्ने ।

**बैठक :** यस समितिको बैठक चौमासिक रुपमा बस्ने छ ।

**बजेट बाँडफांड :** तालिम खर्च अनुसुची १ अनुसार **र** दै.भ्र.भ. भ्रमण खर्च नियमावली अनुसार

**अनुसूचीः १**

अर्थ मन्त्रालय बाट जारी गरिएको आर्थिक निर्देशिका २०७०

तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालन हुने सवै प्रकारका तालिम, गोष्ठी, कार्यशाला सञ्चालन सम्बन्धी

**खर्चको मापदण्ड**

| सि.नं | विवरण | केन्द्र/क्षेत्रस्तर | जिल्ला स्तर* | गाउँ स्तर |
|---|---|---|---|---|
| १ | स्रोत व्यक्ति** प्रति कक्षा (१ घण्टा ३० मिनेट) एक जना | ८००.०० | ६००.०० | ४००.०० |
| २ | कार्य पत्र*** | ९००.०० | ७००.०० | ५००.०० |
| ३ | संयोजक | ५००.०० | ४००.०० | ३००.०० |
| ४ | सहयोगी (२ जना सम्म) | ५००.०० | ४००.०० | ३००.०० |
| ५ | कार्यालय सहयोगी | १५०.०० | १५०.०० | १५०.०० |
| ६ | प्रतिवेदक प्रति कार्यक्रम एकमुष्ठ | १०००.०० | १०००.०० | १०००.०० |
| ७ | खाजा (स्रोत व्यक्ति, सहभागी संयोजक, प्रतिवेदक, सहयोगी) | १५०.०० | १५०.०० | १५०.०० |
| ८ | मसलन्द सहभागी | १००.०० | १००.०० | १००.०० |
| ९ | मसलन्द प्रशिक्षण (मार्कर, फोटोकपी, मेटाकार्ड, मास्किङ टेप आदि) | २५००.०० | २५००.०० | १०००.०० |
| १० | विविध (व्यानर, प्रमाणपत्र, पानी, सरसफाई आदि) | १५००.०० | १०००.०० | ५००.०० |
| ११ | दैनिक भत्ता भ्रमण खर्च नियमाबली २०७२ (संशोधन समेत) अनुसार | | | |
| १२ | यातायात खर्चः प्रचलित दररेट अनुसार (प्लेन टिकट बोर्डिङ पास अनिवार्य) | | | |
| १३ | तालिम सुविधा (तालिम कक्ष, उपकरण): प्रचलित दररेट अनुसार | | | |

* सहभागीको घर वा हाल बसोवास स्थल बाट दैनिक ओहोर दोहोर गर्न नभ्याईने १५ कि.मी भन्दा बढी)

** स्रोत व्यक्ति आयोजक संस्थाबाट भएमा स्रोत व्यक्ति भत्ता नपाउने कार्यपत्र वापत मात्र पाउने ।

*** कार्य पत्र ७५० शव्दको प्रबन्ध हुनु पर्दछ ।

***नोट:: भ्रमण खर्च बाहेक अन्य आयमा १५ प्रतिशत पारिश्रमीक कर कट्टी गर्नु पर्दछ ।***

# कुष्ठरोग निवारण कार्यक्रम निर्देशिका ( २०७३

## जिल्ला स्तर

कुष्ठरोग निवारणको स्थितीलाई दिगो राखी रोगको समस्याहरुलाई क्रमश थप न्यूनीकरण गर्दै **"कुष्ठरोग मुक्त समाज"** तर्फ अघि बढने उद्देश्य अनुरुप पहुंच योग्य, आर्थिक रुपमा सर्व शुलभ, प्रभावकारी एवं गुणस्तरिय सेवा उपलब्ध गराउन बिभिन्न कार्यक्रम तय गरिएको छ जस्तैः- सहभागी मूलक जनचेतना कार्यक्रमहरु, नयां विरामीहरुको खोज पडताल, सामुदायिक पुनर्स्थापनाको लागि आय आर्जन कार्यक्रम, निःशूल्क उपचार सेवा, रोग संक्रमण न्यूनीकरणका लागि Leprosy Post Exposure Propholaxis(LPEP), नियमित उपचारको लागि बिरामीहरुलाई यातायात खर्च, अनुगमन मूल्याङ्कन जस्ता कार्यक्रमहरुलाई  प्राथमिकता सहित अघि बढाइएको छ ।

**१) जिल्ला स्थित प्रेषण सेवा करार :–**

**उद्देश्यः**

कुष्ठरोग बढी प्रभावित जिल्लाका कुष्ठरोग/ क्षयरोग किल्नीक संचालनमा जनशक्ति अभावका कारण कठीनाई भइ रहेको र बर्तमान कार्यक्रम रणनीति अनुसार जिल्ला स्तरिय किल्नीकलाई प्रेषण केन्द्रको रुपमा राखिएकोले यस किल्नीकलाई जनशक्ति व्यबस्थापन गरी सुदृढिकरण गर्ने ।

**विधिः**

यस किल्नीकलाई स्वास्थ्यकर्मी जनशक्तिको सेवा करार निम्न TOR बमोजिम नियूक्त गर्नुपर्नेछ ।

**योग्यता :-**

- हे.अ / स्टाफ नर्स
- अ.हे.व/ अ.न. मी
- कुष्ठरोगमा तालिम प्राप्त स्वास्थ्यकर्मी
- कुष्ठरोगको Basic तालिमको साथै PoID तथा अपाङ्गता  सम्वन्धी बिशेष तालिम लिएका र पूर्व काम गरेको तथा
  कम्प्युटर सम्वन्धी ज्ञान भएका तथा अनुभवीलाई बिशेष प्राथमिकता

**कार्य बिवरण:-**

- दैनिक कुष्ठरोगको OPD संचालन/क्षयरोग सेवा समेत (कुष्ठरोग निदान वर्गिकरण, उपचार ब्यबस्थापन, जटिलताको पहिचान तथा ब्यबस्थापन अनुगमन, VMT /ST अभिलेख) गर्ने ।
- बिदाको दिनमा समेत औषधि ब्यबस्थापन गर्ने ।
- DHO/PHO/DTLO संगको समन्वय निर्देशिका अनुसार कार्यक्रम संचालन गर्ने ।
- डिफल्टर ट्रेसिङ्ग गर्ने, बिरामी परिवारको सम्पर्क जाँच गर्ने, कुष्ठ प्रभावितको अपाङ्गता बिवरण अद्यावधिक गर्ने ।
- कुष्ठ प्रभावितको लागि सहयोगी सामग्री उपलब्ध गराउन समन्वय गर्ने
- कुष्ठ प्रभावितको आबश्यक्ता अनुसार प्रेषण ब्यबस्थापन गर्ने ।
- कुष्ठरोगको अभिलेख, प्रतिबेदन दुरुस्त राख्ने तथा सो को लागि सहयोग गर्ने ।
- कुष्ठ प्रभावितको पुनर्स्थापनामा सहयोग गर्ने ।
- PoID क्लिनिक संचालनमा सहयोग गर्ने ।

**पुनश्च्य:**

- करार सेवा आर्थिक नियमावली र अर्थ मन्त्रालयको निर्देशिका अनुसार गर्ने।
- करारमा राखिएका स्वास्थ्यकर्मीलाई तालीम तथा अभिमुखीकरणको व्यवस्था मिलाउने ।

**अपेक्षित प्रतिफल:**

- जिल्ला स्तरिय प्रेषण क्लिनिकमा कुष्ठरोगका विरामीले सजिलै उपचार सेवा प्राप्त गर्नेछन् ।
- गुणस्तरीय सेवा उपलव्ध हुनेछ ।

**बजेट बाँडफाँड** : आर्थिक नियमानुसार (करार सेवा)

**२) कुष्ठरोग बढी प्रभावित क्षेत्रमा जन सहभागितामुलक जन चेतना कार्यक्रम:**

**उद्देश्य:**

- शुरु अवस्थामा नै कुष्ठरोग विरामी पत्ता लगाउन ।
- कुष्ठरोग बारेमा समुदायमा जन चेतना अभिवृद्धि गर्न ।
- कुष्ठरोगको कारण हुने अपांगताको बचावट गर्न ।
- कुष्ठरोग वारेमा Stigma र भेदभाव घटाउन ।
- जिल्ला स्तरमा कुष्ठरोग निवारण गर्न ।

**विधी:**

- जिल्लामा वढी कुष्ठरोग प्रभावित गा.वि.स. तथा न.पा.हरुको कुष्ठरोग तथ्यांकको समीक्षा गर्ने र गा.वि.स.को छनौट गरी शुक्ष्म कार्य योजना तयार गर्ने ।
- वहुपक्षीय (स्थानीय निकायका पदाधिकारी,पत्रकार,क्लव,स्थानीय वुद्धिजीविहरुसंग) अन्तक्रिया गर्ने।
- स्वास्थ्यकर्मीहरुलाई कार्यक्रम सम्वन्धी अभिमुखिकरण गर्ने ।
- स्वयं सेवक र कुष्ठ प्रभावितहरुको अभिमुखिकरण गर्ने ।
- विभिन्न संचार माध्यम (एफ.एम.रेडियो, स्थानीय पत्रपत्रिका, फ्लेक्स, माइकिङ्ग आदि) बाट कुष्ठरोग वारेमा जानकारी गराउने ।
- स्वयं सेवक र कुष्ठ प्रभावितहरुलाई परिचालन गर्ने ।
- स्वास्थ्यकर्मी सहितको टोली बनाई कुष्ठरोग खोजपड्ताल गर्ने ।
- सहयोगी संस्थाका सुपरभाइजर, केन्द्रिय, क्षेत्रीय, जिल्ला बाट सुपरीवेक्षण, अनुगमन, विरामी प्रमाणीकरण एवं सही निदान सुनिश्चित गर्ने ।

**अपेक्षित प्रतिफल:**

- शुरु अवस्थामा नै कुष्ठरोग विरामी पत्ता लाग्ने ।
- समुदायमा कुष्ठरोग सम्वन्धी जन चेतना अभिवृद्धि हुने ।
- कुष्ठरोगको संक्रमणमा कमी आउने ।
- कुष्ठरोको कारण हुने अपांगतामा कमी आउने ।
- जिल्लाको प्रिभेलेन्स (रोगको प्रकोप) दर घट्ने ।

**वजेट वांडफांड , खर्च नर्म्सः**

१) सूक्ष्म कार्य योजना, अन्तरक्रिया, अभिमुखीकरण (जिल्ला स्तर, गा.वि.स. स्तर) वजेट ७५,००० अनुसूचि १ अनुसार खर्च गर्ने

२) घरदैलो जनचेतना तथा विरामी खोज पडतालः

- स्वास्थ्यकर्मी यातायात खर्च प्रति व्यक्ति, प्रति दिन रु. ५००
  जम्मा रु. २२,५००।-

- स्वयं सेविका यातायात खर्च प्रति व्यक्ति, प्रति दिन रु. ४००
  जम्मा रु. ६०,०००।-

३) प्रचार प्रसारः (एफ.एम., फ्लेक्स, भित्ते लेखन आदि) रु. १०,०००।-

४) सुपरिवेक्षण, मनिटरिंग (दै. भ्रमण भत्ता नियमानुसार) रु. २८,५००।-

५) फारम, फर्मेट छपाई, फोटोकपी रु. ४,०००।-

वजेटको परिधि भित्र रही आर्थिक नियम तथा अर्थ मन्त्रालयको निर्देशिका अनुसार टिप्पणी स्वीकृत गरी कार्यक्रम संचालन गर्ने । महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई अखिमुखीकरण कार्यक्रममा सहभागी गराउंदा यातायात खर्च वापत रु. ४०० दिने ।

## ३) कुष्ठरोगको कारणले असमर्थता भएकाहरुका समूहगत आय आर्जन तथा वचत बृद्धि कार्यक्रम :–

कुष्ठरोग अति प्रभावित जिल्लाहरुमा कुष्ठरोगको कारणले असमर्थता भएकाहरुका लागि समूहगत आय आर्जन तथा बचत बृद्धि कार्यक्रम निम्नानुसार गर्नेः-

**उद्देश्यः**

- कुष्ठरोग प्रभावित तथा उपचारमा रहेका विरामीहरुमा रोगको कारणले हुने साधारण समस्याहरु कुष्ठरोग प्रभावित स्वयंले सो को हेरचाह गरी अपांगता र अंगभंग हुनबाट बच्ने र बचाउने ।
- समुह गठन, आय आर्जन तथा सामुहिक बचत बृद्धि गर्ने साथै विविध आय आर्जन क्रियाकलापहरु संचालन गरी सामाजिक पुनर्स्थापना गराउने ।
- कुष्ठरोग प्रतिको भेदभावमा कमी ल्याई सामाजिक पुनर्स्थापनामा सघाउ पुर्‍याउने ।
- सीप विकास र आयआर्जनमा सघाउ पुगी स्वावलम्वीपनको विकास गर्ने ।

**बिधिः**

- कुष्ठरोगको अति प्रभावित जिल्लाहरुमा र स्थानहरुमा कुष्ठरोगको उपचार पुरा गरेका प्रभावित र उपचारमा रहेका विरामी समेतको पायक पर्ने क्षेत्रहरुमा "स्वयं हेरचाह समूह" गठन गर्ने ।
- स्वयं हेरचाह समूहको गतिविधीमा १ दिनको अभिमुखीकरण गर्नै ।
- समूहका सदस्यहरु कम्तीमा मासिक रुपमा भेला भइ स्वयं हेरचाहबाट आफुमा आएको शारीरिक उपलव्धीका वारेमा स्वयं समिक्षा गर्ने र समस्याहरुका वारेमा छलफल गरी समाधानका उपाय तथा उचित अभ्यास गर्ने ।

- प्रत्येक बैठकहरुमा विविध जानकारी मुलक विषय एवं आय आर्जनका लागि सीप मुलक स्कीम र योजनाहरुको छनौट गर्ने ।
- समूहका सदस्यहरु स्वयंले पनि मासिक रुपमा बचत बृद्धि कार्यको लागि केही रकम निर्धारण गरी बचत बृद्धि गर्ने ।
- नेपाल सरकारबाट उपलव्ध गराइएको रु ३०,००० (तीस हजार) Seed money लाई अक्षयकोष/घुम्ती कोषको रुपमा राख्ने ।
- पुराना सक्रिय समूहहरुलाई जिल्लाको प्राथमिकता अनुसार रु १०,०००। (दश हजार) थप बिउ पूंजी उपलब्ध गराउनुपर्नेछ ।
- समूहका सदस्यहरुले बचत बृद्धि कार्यक्रमबाट आय आर्जनको लागि सरल रुपमा सापटि लिइ आय आर्जनको कार्य गर्न सक्ने ।
- यो समूह तराईमा कम्तीमा १५-२५ जना, पहाडमा १० - १५ तथा हिमाली क्षेत्रमा ७-११ जनाको गठन हुनेछ । कुष्ठ प्रभावित महिला भएमा अनिवार्य समावेश गरिनु पर्नेछ साथै गठन गर्दा उपलव्ध भएसम्म ४०% प्रभावित, अपाङ्ग भएका, पिछडिएका, उपेक्षित वर्ग र नभएमा अन्य समूहको समेत प्रतिनिधित्व रहने गरी गर्नुपर्ने ।
- यस समूहको कार्य सञ्चालनको लागि सहजकर्ताको रुपमा स्थानीय स्वास्थ्य संस्थाका फोकल पर्सन र स्वयं सेवक हुने र प्रत्येक महिनामा समूहको अनुगमन गर्नुपर्ने ।
- क्षय/कुष्ठ अधिकृतले चौमासिक रुपमा अनुगमन गरी उपलव्धीको प्रतिवेदन गर्ने ।
- समूह गठन गर्दा र अभिमुखिकरणमा क्षेत्रिय स्वास्थ्य निर्देशनालय र कुष्ठरोग नियन्त्रण महाशाखाको प्रतिनीधी समेत सहजकर्ताको रुपमा उपस्थित हुनेछन् । सो को लागि समूह गठन एवं अभिमुखिकरणको लागि अग्रिम कार्य योजना बनाइ क्षय/ कुष्ठ अधिकृतले क्षेत्र तथा केन्द्रमा समन्वय गर्नेछन् । यसरी क्षेत्र तथा केन्द्रबाट जाने पदाधीकारीहरुले आफ्नो कार्यालयबाट दै.भ्र.भत्ता भुक्तानी लिनेछन् ।

**कोष निर्माण:**

- कार्यक्रम बाट प्राप्त रकम ।
- सदस्यहरु बाट संकलन भएका रकम ।
- गा.बि.स., जि.बि.स., नगरपालिका, स्थानीय संघ संस्था सहयोगी संस्था तथा ब्यक्ति बाट प्राप्त सहयोग रकम ।

**कोष संचालन:**

- अध्यक्ष, कोषाध्यक्ष र सचिव समेतको संयूक्त खाता संचालन गर्ने ।
- थोरै रकम भएमा स्थानिय स्तरमा बित्तिय संस्था नभएको ठाउंमा समिती तथा सल्लाहकार समेतको जमानिमा लगानी गरी आबश्यक्ता अनुसार निर्णय गरी खर्च गर्ने ।

**वचतकोष स्थापना गर्ने:**

- बचतकोष बिधान अनुसार बैंक खाता संचालन गर्ने, गराउने ।
- कार्यक्रममा व्यबस्था भएको Seed Money कम्तीमा रु ३०,०००। ( तीस हजार) समूहलाई समारोह बिच जि.स्वा.का । जि.जन.स्वा.का. बाट हस्तान्तरण गर्ने ।
- Self Care को लागि आबश्यक सामग्री खर्च वापतको बांकी हुन आउने रकम तथा कार्यक्रमको अन्य बाँकी रकम अनुदान स्वरुप उक्त कोषमा राख्न सकिने छ ।

**बैठक :**

- अभिमुखिकरण सकिएको २ हप्ता भित्र समूहको पहिलो बैठक बोलाउने ।
- बैठकमा नियमित स्वयं हेरचाहको समय, दिन, स्थानको निश्चित गरी कार्य योजना बनाउने
- समूहको कार्य बिवरण तयार गर्ने ।
- समुहका सदस्यहरुको कार्य बिभाजन एवं जिम्मेवारी तोक्ने ।
- आय आर्जन बचत कोषको बिधान बनाउने आवश्यक छलफल गरी सो को जिम्मेवारी तोक्ने ।

**अनुगमन :**

- निर्धारित कार्यतालिका अनुसार स्वयं हेरचाह समूहबाट नियमित रुपमा भेला भइ आफना समस्याको बारेमा छलफल एवं सो को समाधान तथा ब्यबस्थापन गर्ने गराउने ।
- सहजकर्ताको भूमिका स्थानिय स्वास्थ्य संस्थाको फोकल पर्सनले मिलाउने ।
- आय आर्जन सम्वन्धी मासिक किस्ता उठाउने, ऋण प्रवाह गर्ने, कार्य योजनाहरु बनाउने ।
- चौमासिक रुपमा क्षय/कुष्ठ अधिकृत/सहायकबाट अनुगमन गरी सो को प्रतिबेदन सम्वन्धित निकायमा गर्ने ।

**सहयोगी संस्थाहरुको भुमिकाः**

आय आर्जन तथा स्वयंहेरचाह समूह गठन, बैठक, अनुगमन, प्रतिबेदनमा आबश्यक सहयोग पुऱ्याउनेछन् ।

**पुनश्च्यः** यो कार्यक्रमको लागि क्षय कुष्ठ अधिकृत/सहायकबाट गर्नुपर्ने कार्यः

- समूह गठन गर्ने ।
- तालिमको लागि समूह बनाउने (जि.वि.स., म.वि., जि.शि.का., कुष्ठरोगमा कार्यरत सहयोगी संस्थाहरु) को सहयोग लिने केन्द्र तथा क्षेत्र संग समन्वय गर्ने ।
- समूहहरुको सक्रियताको आधारमा तालिम तथा कोषको व्यवस्था गर्ने ।

**रिपोटिंगः**

आय आर्जन समिति गठन तथा अभिमुखिकरण र क्रियाकलाप वारे प्रतिवेदन चौमासिक रुपमा क्षेत्रिय स्वास्थ्य निर्देशनालय मार्फत कुष्ठरोग नियन्त्रण महाशाखामा पठाउनु पर्नेछ । साथै सोवारे क्षेत्रिय तथा केन्द्रीय स्तरमा चौमासिक समिक्षा हुनेछ ।

**अपेक्षित प्रतिफलः**

- समूहका सदस्यहरु स्वयं हेरचाहबाट आफुमा आएको शारीरिक उपलव्धीका वारेमा स्वयं समिक्षा गर्ने र समस्याहरुका वारेमा छलफल गरी समाधानका उपाय तथा उचित अभ्यास गर्ने भएकोले विद्यमान असमर्थतालाई बढ्न नदिनुका साथै थप अपांगता हुनबाट समेत बच्न सकिने छ ।
- समूहका सदस्यहरुले बचत बृद्धि कार्यक्रमबाट आफ्नो आय आर्जनको लागि सरल रुपमा सापटि लिइ आय आर्जनको कार्य गरी आफ्नो जीवन स्तर बढाउने छ ।

**वजेट वांडफांड , खर्च नर्म्सः**

१) स्वयं हेरचाह एवं सहायता समूहअभिमुखीकरण रु. २०,०००।-

२) समूहलाई बीउ पूंजी रु. ३०,०००।-

३) अनुगमन तथा सहजीकरण दै. भत्ता नियमानुसार रु. १०,००० ।-

## ४) सक्रिय खोज पडताल बिधिबाट कुष्ठरोग बिरामी खोजपडताल :-

**उद्देश्य :**

कुष्ठरोग बढी प्रभावित जिल्लाका गा.बि.स. हरुमा सक्रिय बिधिबाट कुष्ठरोग बिरामीको पहिचान गरी समयमै रोग निदान र उपचारको व्यबस्थापन गरी कुष्ठरोगको कारणबाट हुने अपांगता र संक्रमण न्यूनिकरण गर्ने ।

**विधि :**

- कुष्ठरोग बिरामी बढी भएका जिल्लाका गा.बि.स. हरु, पिछडा वर्ग, दलित समुदाय समेतको छनौट गरी कुष्ठरोग बिरामी खोज पड्ताल गर्ने ।
- छनौटमा परेका न.पा. तथा गा.बि.स. अन्तर्गतका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु, महिला स्वयं सेवकहरु तथा कुष्ठ प्रभावितहरुलाई norms मा उल्लेख भएनुसार बजेट परिधि भित्र रही अभिमुखीकरण गर्ने ।
- बिरामी खोज पड्ताल कार्यक्रममा महिला स्वास्थ्य स्वयं सेविका, कुष्ठ प्रभावित र स्वास्यकर्मीहरु संलग्न रहनेछन् । उक्त कार्यक्रममा १ जना स्वास्थ्यकर्मी, १ जना महिला स्वयं सेवक वा १ जना कुष्ठ प्रभावित गरी २ जनाको एउटा टोली बनाउने ।
- यस कार्यको अभिमुखिकरण, अनुगमन, सुपरिवेक्षण जिल्ला/जन स्वास्थ्य कार्यलय प्रमुख, क्षय/कुष्ठ अधिकृत, तथ्यांक अधिकृत, फोकल पर्सन, क्षेत्रिय स्वास्थ्य निर्देशनालयका क्षेत्रिय निर्देशक, क्षय/कुष्ठ अधिकृत, केन्द्रिय स्तरबाट कार्यक्रम अधिकृतहरु, सहयोगी संस्थाहरुबाट संस्था प्रमुख चिकित्सक, सुपरभाइजरको प्रत्यक्ष सहभागितामा कार्यक्रम संचालन हुनेछ ।
- कार्यक्रम संचालनको लागि कार्यक्रमको प्रारम्भमा जिल्ला स्तरिय अभिमुखीकरण, सुक्ष्म योजना (Micro Plan) गरि माथि उल्लेखितको सहभागिता गराई उपलब्धी हासिल हुने गरी कार्यक्रम संचालन गरिने छ ।

**अपेक्षित प्रतिफल :**

- शुरुकै अवस्थामा विरामी पत्ता लागि उपचारमा आउने र समुदायमा रोगको संक्रमण कमी हुने ।
- रोगको कारणले हुने अपांगतामा कमी आई सामाजिक भेदभावमा कमी आउने ।
- समुदायको कुष्ठरोग सम्वन्धी जनचेतनामा अभिबृद्धि हुने ।

**वजेट वांडफांड , खर्च नर्म्सः**

१) सूक्ष्म कार्य योजना, अन्तरक्रिया, अभिमुखीकरण (जिल्ला स्तर, स्थानीय स्तर) वजेट रु. १,०००००।- अनुसूचि १ अनुसार खर्च गर्ने ।

२) विरामी खोज पडताल रु. १,४०,०००।-

स्वयं सेविका, कुष्ठ प्रभावितहरुलाई रु. ४००।- यातायात खर्च बापत र घर दैलोमा सहभागी स्वास्थ्यकर्मीहरुलाई यातायात खर्च बापत रु. ५००।- र दै.भ्र.भत्ता नियमानुसार ।

आर्थिक खरिद नियमानुसार

३) विरामी निदान , प्रमाणीकरण, सुपरिवेक्षण, अनुगमन रु. ५०,०००।- दै. भ्रमण भत्ता नियमानुसार

४) फारम, फर्मेट छपाई, फोटोकपी आदि रु. ५,०००।-

५) प्रचार प्रसारः (एफ.एम., फ्लेक्स, पम्फलेट आदि) रु. ५,०००।- आर्थिक खरिद नियमानुसार

**जम्मा रु. ३,०००००।-**

## ५) कुष्ठरोग बढी प्रभावित जिल्लामा कार्यक्रम प्रगति, प्राविधिक अन्तरक्रिया, छलफल, ब्यबस्थापन तथा समस्या

**पहिचान :–**

**उद्देश्य :**

यस अन्तर्गत कुष्ठरोग नियन्त्रण कार्यक्रमको स्थानीय स्तरमा नै अनुगमन, प्राविधिक अन्तरक्रिया गरी देखिएका समस्याहरुको समाधान गर्ने ।

**विधि :**

- यो कार्यक्रम कुष्ठरोग बढी प्रभावित तराईका १९ जिल्लाहरुमा चौमासिक रुपमा प्रा.स्वा.के./स्वा.चौ. स्तरमा कुष्ठरोगको अभिलेख प्रतिवेदनको अध्यावद्यिक, कार्यक्रममा देखिएका प्राविधिक समस्याहरुको पहिचान, तथा समस्याको समाधानका उपायहरु, औषधी आपुर्ति ब्यबस्थापनको अनुगमन गरी पृष्ठपोषण कार्यहरु गर्नुपर्नेछ ।
- यस कार्यक्रमको लागि जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयबाट तोकिएका सुपरिवेक्षकहरु सहजकर्ताको रुपमा रहनेछन् । अर्थात क्षय/कुष्ठ अधिकृत, तथ्यांक अधिकृत, हेअ/ सिअहेव मूख्य रुपमा रहनेछन् र सम्बन्धित सहयोगी संस्थाका प्रतिनीधीहरुलाई अनिवार्य रुपमा सहभागी गराइ कार्यक्रमलाई थप सहजीकरण तथा समन्वय गर्ने ।

- प्रा.स्वा.के./स्वा.चौ. स्तरिय अनुगमन कार्य सकिए पछि सो कार्यमा भाग लिएका सहजकर्ताहरु, जिल्लाका स्टोर किपरहरु अन्य सम्बन्धीत व्यक्तिहरु सहित जिल्ला स्वास्थ्य/जन स्वास्थ्य प्रमुखको अध्यक्षतामा प्रा.स्वा.के./स्वा.चौ. स्तरिय मनिटरिंग, अनुगमनमा गरिएका गतिविधी र देखिएका समस्याहरुको विषयमा छलफल एवं समिक्षा गर्ने ।
- समिक्षाबाट आएका तथ्यांक एवं प्रतिवेदनहरुको समायोजन गरी तयार गर्नु पर्दछ र सो प्रतिवेदन अनुसार संस्थाबाट गरिएको प्रतिवेदनमा verification गर्नु पर्दछ । यदि फरक पाइएमा तुरुन्त त्यसको पृष्ठ पोषण गर्नु पर्दछ । यसको लागि तथ्यांक फाँट संग समन्वय गर्ने ।

**अपेक्षित प्रतिफल :**

- कार्यक्रम तथा उपचार सेवामा आई परेका प्राविधिक समस्याहरु समाधान हुने ।
- कुष्ठरोगको औषधि तथा स्वास्थ्य शिक्षा सामग्रीहरुको आपूर्ति व्यवस्थामा सहयोग पुग्ने ।
- विरामीहरुको अभिलेख तथा प्रतिवेदन अध्यावधिक हुने ।
- कार्यक्रम संचालनमा स्थानीय स्तर,जिल्ला(जन)स्वास्थ्य कार्यालय तथा सहयोगी संस्था बीचमा समन्वय हुने

**वजेट वाडफांड, खर्चको नर्म्स** :

| कार्यक्रम | खर्च विवरण | इकाइ | संख्या | दर | दिन | जम्मा | ब.शि.नं. |
|---|---|---|---|---|---|---|---|
